DAILY NEWSLETTER

As of Oct 30 2025

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्से २६०० विन्दु पार, बजारमा सकारात्मक उछाल र आत्मविश्वासको संकेत

नेपाल स्टक एक्सचेञ्ज (NEPSE) सूचकांक आजको कारोबारमा २६००.३८ विन्दुमा बन्द भएको छ । जसले बजारमा ३४.२२ अंक (१.३३%) को वृद्धि दर्शाउँछ। आजको कारोबारमा कुल रु ७ अर्ब ५१ करोड ३९ लाख ३८ हजार ४७३.४५ बराबरको सेयर किनबेच भएको छ। यस अवधिमा २ करोड ६० लाख १० हजार ७१८ कित्ता सेयरहरू कारोबार भएका छन्।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा माथि छ ।
MACD	नेप्सेमा हाल MACD मा Positive Momentum हुँदै गएको देखिएको छ ।
RSI	RSI 48.67 तल पुगेको देखिन्छ ।

Support	2440-2510
Resistance	2650-2690

नेपाल स्टक एक्सचेञ्ज (NEPSE) सूचकांक आजको कारोबारमा २६०० विन्दु छुन सफल भएको छ, जसले बजारमा उल्लेखनीय उतार–चढाव देखाएको संकेत गर्छ। कारोबारको पहिलो चरणमा विशाल बजार कम्पनीको शेयर मूल्यमा आएको गिरावटका कारण सूचकमा तीव्र कमी आएको थियो, जसले सम्पूर्ण बजारमा दबाब सिर्जना गर्‍यो।तर दोस्रो चरणमा बजारमा सुधार देखियो। विशाल बजार कम्पनी पुनः उकालो लाग्दै हाइड्रो उपसूचकको मजबुत प्रदर्शनसँगै बजारले प्रारम्भिक घाटा पुनः सम्हाल्न सफल भयो।